# सिस्ने गाउँपालिका

# स्थानीय राजपत्र

खण्डः८ संख्या :२९ गाउँकार्यपालिकाबाट पारित मितिः २०८१।१२।१७

# भाग-२

**उन्नत जातको बोयर बोका विवरण मापदण्ड, २०८१**

प्रस्तावनाः

उन्नत जातको बोकाबाट स्थानीय बाख्राहरुमा प्रजनन् गराइएमा बाख्राको नश्ल सुधार गरी उत्पादन र उत्पादकत्वमा वृद्धि गर्ने उद्देश्यले सिस्ने गाउँ कार्यपालिकाको कार्यालयले उन्नत जातको बोका वितरण गर्नको लागि सिस्ने गाउँपालिकाको कृषि तथा पशुपन्छी ऐन २०७८ को दफा ६६(ज) को अधिकार प्रयोग गरी यो उन्नत जातको बोयर बोका वितरण मापदण्ड २०८१ तयार गरेको छ ।

## परिच्छेद-१
## संक्षिप्त नाम र प्रारम्भ

१) संक्षिप्त नाम र प्रारम्भः

क) यो मापदण्डको नामः उन्नत जातको बोयर बोका वितरण मापदण्ड २०८१ रहेको छ ।

ख) सिस्ने गाउँ कार्यपालिकाले निर्णय गरेको मितिबाट प्रारम्भ हुनेछ ।

२) परिभाषाः विषय प्रसंगले अर्को अर्थ नलागेमाः

क) उन्नत बोका भन्नाले जातिय शुद्वता कम्तीमा ७५ प्रतिशत भएको प्रजनन योग्य स्वस्थ बोकालाई जनाउनेछ ।

ख) प्रजनन् भन्नाले बोकाद्वारा बाख्रालाई सन्तान उत्पादनको लागि बालि लगाउने क्रियाकलापलाई भनिन्छ ।

ग) हाडनाता प्रजनन् भन्नाले सात पुस्ता भित्रबा सन्तती बीच प्रजनन् गराउने क्रियालाई भनिन्छ ।

घ) नश्ल सुधार भन्नाले उत्पादन र उत्पादकत्व वृद्वि गर्नको लागि नजिकको नाता नपर्ने विच संग प्रजनन् (५-७ पुस्ता बाहिर ) गराउनु भन्ने जनाउदछ ।

ङ) बाख्रापालन कृषक भन्नाले फर्म वा समुहको बाख्राहरुलाई प्रजननको लागि पाल्ने व्यक्तिलाई जनाउनेछ ।

च) अनुदान भन्नाले पालिकाले उपलब्ध गराउने बोकाको निश्चित मुल्यको हिस्सा व्यहोर्ने रकमलाई जनाउदछ ।

छ) खरिद समिति भन्नाले गाउँपालिकाले नियम अनुसार वस्तु तथा सामाग्री खरिद गर्न बनाइएको समितिलाई मानिन्छ ।

## परिच्छेद-२
## मुल्याङ्कन तथा छनौट समिति गठन

३) उन्नत जातको बोका वितरण गर्नको लागि प्राप्त भएका प्रस्तावहरुको छनौट तथा मुल्याङ्कन गर्न देहाय बमोजिमको मुल्याङ्कन तथा छनौट समिति गठन हुनेछ ।

- गाउँपालिका अध्यक्ष वा अध्यक्षले तोकेको व्यक्ति — संयोजक
- गाउँपालिका उपाध्यक्ष वा उपाध्यक्षले तोकेको विक्ति — सदस्य
- योजना शाखा प्रमुख — सदस्य
- आर्थिक विकाश शाखा प्रमुख — सदस्य
- पशुपन्छी विकास शाखा प्रमुख — सदस्य सचिव

४) नश्ल सुधार गर्न बोका वितरणको लागि प्रस्तावहरु छनौटका आधारहरुः

- दर्ता भई निरन्तर रुपमा व्यवसाय गरिरहेका कृषक फर्म र समुहहरु
- सम्बन्धित निकायमा दर्ता गरेको दर्ता प्रमाण पत्र,स्थायी लेखा नम्बर,करचुक्ता प्रमाण पत्र, नागरिता दुरुस्त भएको हुनुपर्नेछ ।
- बाख्राको खोर गोठ व्यवस्थित तथा सफासुघर भएको, प्रशस्त मात्रामा डाले तथा भुई घाँस भएको हुनुपर्नेछ ।
- संघ,प्रदेश,स्थानिय तह, संघ संस्थाबाट कुनै पनि अनुदान सेवा सुविधा नपाएको कृषक फर्म,समुहलाई पहिलो प्राथमिकतामा राखिनेछ ।
- पेश भएका आवेदनहरुको मुल्याङ्कन अनुसुची २ बमोजिम गरिनेछ ।
- सबै भन्दा धेरै अङ्क प्राप्त गर्ने आवेदनलाई छनौट गरिनेछ ।

५) नश्ल सुधार गर्नको लागि बोका माग सम्वन्धी प्रस्ताव पेश गर्नको लागि आवश्य कागजातहरुः

- निवेदन,सम्वन्धी निकायमा दर्ता गरेको दर्ता प्रमाण पत्रहरु, स्थायी लेखा नं,कर चुक्ता प्रमाणपत्र, नागरिता प्रतिलिपी, वडा कार्यालयको सिफारिस पत्र

६) उन्नत जातको बोका वितरण गर्नको लागि प्राप्त भएका प्रस्तावहरुको छनौट तथा मुल्याङ्कन गर्नु पूर्व देहाय बमोजिमको फिल्ड अनुगमन समिति गठन हुनेछ ।

- सम्वन्धित वडा कार्यालयको वडा अध्यक्ष वा वडा अध्यक्षले खटाएको जनप्रतिनिधी - संयोजक
- सम्वन्धित वडाको वडा सचिव -सदस्य
- पशुपन्छी विकास शाखाबाट शाखा प्रमुख वा प्रमुखले खटाएको कर्मचारी - सदस्य

अनुसुची- १

आवेदन पत्र

मितिः

श्रीमान प्रमुख प्रशासकीय अधिकृत ज्यू,
सिस्ने गाउँपालिकाको कार्यालय
रुकुमकोट, रुकुम (पूर्वी भाग) ।

विषयः नश्ल सुधार गर्नको लागि बोका उपलब्ध गराई दिने बारे ।

महोदय,

प्रस्तुत विषयमा मिति..............................गते प्रकाशित सुचना अनुसार दरखास्त माग भए बमोजिम नश्ल सुधार गर्नको लागि उन्नत जातको बोका आवश्यक भएकोले उक्त कार्यक्रममा सहभागी भई सर्त अनुसार कार्य गर्न चाहेको हुँदा आवश्य पर्ने कागजात सहित यो निवेदन पेश गर्दछु ।

निवेदक
नामः
ठेगानाः
मोबाइल नं
दस्तखतः
फर्मको नामः
फर्म/समुहको छाप

अनुसूची-२

प्रस्ताव छनौटको आधार

| क्र.स. | फर्मको नाम | स्थायी ठेगाना | बाखाको विवरण | | | फर्म दर्ता मिति | कुनै किसिमको अनुदान पाएको वा नपाएको | खोरगोठ परम्परागत रुपमा भएको वा आधुनिक प्रविधिमैत्री भएको | डाले तथा भुई घाँस खेतीको अवस्था | खोर गोठ सफासुघरको अवस्था वा जैविक सुरक्षा विधि अपनाएको वा नअपनाएको | सम्पर्क नं |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | माउँ बाखा | बोका | पाठापाठी | | | | | | |
| कुल जम्मा पूर्णाङ्क =१०० | | | १५-२० वटा भए =२०<br>२०-४० वटा भए =३०<br>४०- भन्दा माथि=५०<br>**पूर्णाङ्क =५०** | | | आ.व.२०७९/८०भन्दा पहिला दर्ता भएको =१०<br>आ.व. २०७९/८० भन्दा पछि दर्ता भएको=५<br>**पूर्णाङ्क=१०** | आ.व.२०७९/८० भन्दा पहिला अनुदान पाएको भए =१०<br>आ.व. २०७९/८० भन्दा पछि अनुदान पाएको भए =५<br>**पूर्णाङ्क=१०** | आधुनिक प्रविधिमैत्री खोर गोठ भए=१०<br>परम्परागत खोर भए=५<br>**पूर्णाङ्क=१०** | घाँस खेती गरेको भए=१०<br>घाँस खेती नगरेको भए=५<br>**पूर्णाङ्क=१०** | खोर गोठ सफासुघरको अवस्था वा जैविक सुरक्षा विधि अपनाएको भए=१०<br>खोर गोठ सफासुघर वा जैविक सुरक्षा विधि नअपनाएको भए=५<br>**पूर्णाङ्क=१०** | |
| पशु संख्या तथा अन्य विवरण | | | | | | | | | | | |
| प्राप्ताङ्क | | | | | | | | | | | |